राजपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

९८५७८३५२४०


प.स. २०८२/०८३
च.न ६०५

मिति : २०८२।१०।०६

विषयः अक्षरारम्भ सम्बन्धमा ।

श्री संस्थागत विद्यालयहरु,
राजपुर गाउँपालिका दाङ ।

प्रस्तुत विषयमा, विद्यालय तहको नयाँ शैक्षिक सत्रको सुरुवात वैशाख १ गतेबाट सुरु भई चैत्र मसान्तमा अन्त्य हुने र नयाँ विद्यार्थी भर्ना शैक्षिक सत्र सुरु हुने महिना वैशाखमा हुने कुरा विदितै छ । कतिपय विद्यालयहरुबाट वसन्तपञ्चमी (सरस्वतीपुजा) कै दिन शैक्षिक सत्रको सुरुवात भए जसरी अक्षरारम्भका साथै अन्य कक्षामा भर्ना गर्ने र भर्नाको अभियान नै चलाउने गरेको जनगुनासोहरु आउने गरेकोमा यस वर्षको वसन्तपञ्चमी २०८२।१०।०९ गतेका दिन विद्यालयमा पहिलो पटक अक्षरारम्भ गराउने प्रारम्भिक बाल विकास उमेरका बालबालिका बाहेक अन्य कक्षामा भर्ना लिने कार्य तथा भर्नासँग सम्बन्धित अन्य गतिविधिहरु सञ्चालन नगर्नु नगराउनु हुन यसै सूचना मार्फत जानकारी गराइन्छ । सूचनाको व्यवास्ता गरी त्यस प्रकारका गतिविधि गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

रेमन्त बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

रेमन्त बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत


*website: rajpurmundang.gov.np* *email: rajpurmun@gmail.com*